# लामीदमार सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. १० र ११, अर्घाखाँची

प.सं. ०८१|०८२ | मिति : २०८२|०१|०५

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति २०८२|०१|०५)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०७८/०७९ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा रुखहरु संकलन गर्दा उत्पादन भई घाटगद्दीमा राखिएका विभिन्न जातको गोलिया थान २३५ को १४२२.०८ क्यू.फिट गोलिया काठ र साल मिश्रत दाउरा ०.५० चट्टालाई कायम गरिएको २ वटा लटहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २९४६ मिति २०८२|०१|०४ गतेको लिलाम सहमति बमोजिमको पहिलो पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | स्तर (ग्रेड) | थान | परिमाण क्यू.फि./चट्टा | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 01/081/082 | आ.व. ०७८०७९ मा ढलापडा तर्फको संकलित काठ प्लट नं. १, ३ सावै दाउरा | साल | A | १४ | २२४.६४ | १२५० | २८०८०५ | १८५,३७० | |
| | | साल | B | २९ | २३७.१४ | ९०० | २१३४२८ | | |
| | | साल | C | ९२ | ४३३.२६ | ६०० | २५९९५५ | | |
| | | साल | D | २२ | ५०.१४ | ३०० | १५०४१ | | |
| | | साल मिश्रित दाउरा | | चट्टा | ०.५० | ८००० | ४००० | ८,५०० | |
| जम्मा | | | | | | | ७७३२२९ | १९३,८७० | |
| 02/081/082 | आ.व. ०७८०७९ मा ढलापडा तर्फको संकलित काठ प्लट नं. २ र ४ | सल्ला | A | १ | १३.६४ | २५० | ३४१० | ९३,५३० | |
| | | सल्ला | B | १६ | ९३.६२ | १५० | १४०४३ | | |
| | | असना | A | २ | २८.१२ | ४०० | ११२४९ | | |
| | | असना | B | १० | ८०.२९ | ३०० | २४०८८ | | |
| | | असना | C | ४१ | १८९.८१ | १०० | १८९८१ | | |
| | | जामुन | A | ४ | ५४.४८ | ४०० | २१७९२ | | |
| | | जामुन | C | ४ | १६.९४ | १०० | १६९४ | | |
| जम्मा | | | | ७८ | ४७६.९० | | ९५२५६ | ९३,५३० | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८२/०१/२५ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८२/०१/२६ गते दिउसो ३.०० बजेसम्म ।

# लामीदमार सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. १० र ११, अर्घाखाँची

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट नियमानुसार हुने रकम तिरी खरिद गरी दाखिला गर्न सकिने छ।

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कृषि विकास वैंक, ठाडा शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ०४१६२००९६४२२४०११ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नुपर्ने छ।

५. लिलाम विक्री हुने वन पैदावार समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०१।२८ गते दिनको २:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी लामीदमार सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्नेछ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा निहीत रहने छ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

इति सम्वत् २०८२ साल वैशाख महिनाको ०५ गते रोज ०६ मा शुभम् ..............................।